प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
(........प्रशासन........ महाशाखा)

पत्र संख्याः-
च.नं. :-

फोन :-६६३०४०८, ६६३०७६९
६६३१४५८, ६६३१४५९
फ्याक्स :- +९७७-१-६६३५१२५
इमेल :- info@ctevt.org.np
वेबसाइटः- www.ctevt.org.np
पो.ब.नं. :- ३५४६, काठमाडौं
मध्यपुर थिमी न.पा. २
सानोठिमी, भक्तपुर, नेपाल।

मितिः २०८२/०२/०२ गते

## विज्ञप्ति

नेपाल सरकारको आ.व. २०८२/८३ को नीति तथा कार्यक्रमको बुँदा नं. ६४ मा "विद्यालय शिक्षा पूरा गर्नासाय विद्यार्थीहरूको ग्रेडिङको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा वा विश्वविद्यालय शिक्षामा प्रवेश गराइनेछ" भन्ने उल्लेख भए अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परिक्षा समितिबाट मिति २०८२ वैशाख २५ गते "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२" स्वीकृत भएको छ। साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०८२ वैशाख २६ गतेको २०७ औं बैठकले प्रशिक्षार्थी भर्ना प्रक्रियाका लागि परीक्षाको ढाँचा परिमार्जन गरी प्रशिक्षार्थी छनौट गर्न स्वीकृति प्रदान गरेको सन्दर्भमा थप स्पष्ट पारिएको छ।

(१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन, २०४५ बमोजिम स्थापना भएको परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हो। परिषद्लाई आधारभूत, मध्यमस्तरीय तथा उच्च स्तरीय प्राविधिक जनशक्ति तयार गर्ने जिम्मेवारी ऐनले प्रदान गरेको छ। साथै परिषद्को ऐन, नियमावली तथा विनयमावलीका आधारमा परिषद्ले आवश्यक कार्यविधि, मापदण्ड तथा निर्देशिका बनाई लागू गर्न सक्ने व्यवस्था भए अनुसार प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा समितिले शैक्षिक सत्र २०८२/८३ का लागि प्राविधिक शिक्षाका कार्यक्रमहरूमा प्रशिक्षार्थी छनोट तथा भर्ना प्रकृयालाई थप सहज, पारदर्शी, मर्यादित तथा व्यवस्थित बनाउन "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२" स्वीकृत गरेको छ। स्वीकृत निर्देशिकाका मुख्य विशेषताहरू निम्नानुसार रहेका छन्।

१.१ प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहका सबै कार्यक्रमहरूको एकीकृत निर्देशिका तयार भएको।

१.२ वर्गीकृत (निःशुल्क) छात्रवृत्ति, पूर्ण शुल्कीय कार्यक्रम, प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति (दलित, मुस्लिम, सीमान्तकृत वर्ग, हलिया तथा कमैया र प्राविधिक शिक्षाको पहुँच नपुगेका पालिकामा स्थायी बसोबास गर्ने विद्यार्थीहरूका लागि) तथा औद्योगिक प्रशिक्षार्थी तालीम तर्फका सबै कार्यक्रमहरूमा आवेदन फाराम अनलाइन भर्ने व्यवस्था गरिएको।

१.३ विगतका शैक्षिक सत्रहरूमा विभिन्न कार्यक्रमहरूमा पटक पटक परीक्षा लिने गरिएकोमा शैक्षिक सत्र २०८२/८३ देखि एकीकृत प्रणाली अनुसार अनलाइनबाट आवेदन फाराम भर्ने र एस.ई.ई.मा प्राप्त स्तरीकृत अङ्क (Grade Point) का आधारमा योग्यताक्रमको सूची प्रकाशन गरी भर्ना सिफारिस गर्ने व्यवस्था गरिएको।

१.४ वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सामुदायिक विद्यालयबाट एस.ई.ई. उत्तीर्ण गरेकाहरूले मात्र आवेदन दिन पाउने व्यवस्थालाई निरन्तरता दिइएको।

१.५ अघिल्लो शैक्षिक सत्रको भर्ना निर्देशिकामा १०० पूर्णाङ्क मध्ये ७० अङ्क लिखित परिक्षा र ३० अङ्क एस.ई.ई.मा प्राप्त गरेको प्राप्ताङ्कका लागि छुटचाई परीक्षार्थीलाई अङ्क दिने व्यवस्था भएकोमा शैक्षिक

# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

(..............प्रशासन........ महाशाखा)

पत्र संख्या:-

च.नं. :-

फोन :- ६६३०४०८, ६६३०७६९
६६३१४५८, ६६३१४५९
फ्याक्स :- +९७७-१-६६३५१२५
इमेल :- info@ctevt.org.np
वेबसाइट:- www.ctevt.org.np
पो.ब.नं. :- ३५४६, काठमाडौँ
मध्यपुर थिमी न.पा. २
सानोठिमी, भक्तपुर, नेपाल।


सत्र २०८२/८३ देखि पूर्ण शुल्कीय तर्फका कार्यक्रमहरूमा एस.ई.ई.मा आवेदकले प्राप्त गरेको स्तरीकृत अङ्क (Grade Point) मा सामुदायिक विद्यालयबाट एस.ई.ई. उत्तीर्ण गरेको भए थप १ अङ्क र संस्थागत विद्यालयबाट एस.ई.ई. उत्तीर्ण गरेको भए ०.८५ अङ्क थप गरी योग्यताक्रम निर्धारण गर्ने व्यवस्था गरिएको।

१.६ प्राप्ताङ्क बराबर भएको खण्डमा क्रमशः अनिवार्य गणित, विज्ञान र अङ्ग्रेजीमा प्राप्त स्तरीकृत अङ्क (Grade Point) का आधारमा प्राथमिकता निर्धारण गर्ने। तत्पश्चात पनि अङ्क बराबर भएमा पिछडिएको दुर्गम क्षेत्रबाट एस.ई.ई. उत्तीर्ण गरेकालाई प्राथमिकता दिइने व्यवस्था भएको।

(२) प्रवेश परीक्षाको सट्टा एस.ई.ई. मा प्राप्त स्तरीकृत अङ्क (Grade Point) का आधारमा अनलाइन प्रणाली मार्फत योग्यताक्रम निर्धारण गरी भर्नाका लागि छनौट गर्ने व्यवस्था लागू गर्नाका कारणहरूः

२.१ विगतको शैक्षिक सत्रमा सञ्चालित प्रवेश परीक्षामा कक्षा १० को अङ्ग्रेजी, गणित र विज्ञान विषयबाट प्रश्नहरू सोधिने गरेको तर एस.ई.ई. मा प्राप्त स्तरीकृत अङ्क (Grade Point) बाट नै तत्तत् विषयमा विद्यार्थीहरूको मूल्याङ्कन भइसकेको हुँदा सोही स्तरीकृत अङ्कलाई आधार मानी प्रशिक्षार्थी छनौट गर्दा भर्ना प्रकृया छिटोछरितो हुने, स्रोत साधनको बचत हुने, परीक्षा केन्द्रसम्म जान आउन लाग्ने विद्यार्थीको खर्च तथा समयको बचत हुने र कक्षा १० मा मिहिनेत गरेर अध्ययन गर्नु पर्छ भन्ने सन्देश जाने देखिएको।

२.२ विगतमा प्रवेश परीक्षा सञ्चालन गर्दा परिषदमा उपलब्ध जनशक्ति प्रवेश परीक्षाका कार्यक्रममा खटिनु पर्ने भएकोले नियमित परीक्षा सञ्चालन, उत्तरपुस्तिका परीक्षण तथा नतिजा प्रकाशन ढिलो हुन पुगेको। नयाँ व्यवस्था अनुसार अनलाइन प्रणालीबाट प्रशिक्षार्थी छनोट गर्दा धेरै संख्यामा जनशक्तिको आवश्यकता नपर्ने हुँदा परिषद् परीक्षा नियन्त्रण कार्यालयले तयार गरेको शैक्षिक क्यालेन्डरको कार्यान्वयन गर्न सहज हुने विश्वास लिइएको।

२.३ विगतका वर्षहरूमा छुट्टाछुट्टै प्रवेश परीक्षा सञ्चालन गर्दा पूर्ण शुल्कीयमा भर्ना भएका केही प्रशिक्षार्थीहरू पछि गएर वर्गीकृत (निःशुल्क) छात्रवृत्ति वा विशेष छात्रवृत्तिमा समेत छनौट हुँदा रिक्त सिटमा पटक पटक प्रशिक्षार्थी सिफारिस गर्नु परेको। अहिलेको नयाँ व्यवस्था अनुसार सबै किसिमका कार्यक्रमहरूमा एकै पटक भर्ना सिफारिस गर्दा सम्बन्धित कोटामा प्रशिक्षार्थीहरू छनोट हुने, प्रशिक्षार्थीलाई कार्यक्रम स्थानान्तरणको झन्झट नहुने र सम्बन्धित कोटाहरू समयमै पूरा हुने देखिएको।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्ले विभिन्न सरोकारवालाहरूसँग विस्तृत छलफल गरी प्राविधिक शिक्षा अध्ययन गर्न चाहने प्रशिक्षार्थीहरूलाई थप सहज, सुलभ, छिटो छरितो र पारदर्शी ढंगले सेवा प्रदान गर्ने उद्देश्यले तयार गरिएको निर्देशिकाका बारेमा सबैलाई सुसूचित गराउन तथा निर्देशिकाको कार्यान्वयनमा यहाँहरू सबैको सहयोगको अपेक्षा गरिएको छ।

दामोदर देवकोटा
निर्देशक